# नेपाल राजपत्र

## भाग ३

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, फागुन २३ गते २०३४ साल**

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

नगर विकास समिति ऐन, २०१९ को दफा ३ को उप–दफा (१) र सोही ऐनको दफा ४ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहाय–बमोजिम अध्यक्ष र सदस्य भएको नेपालगञ्ज नगर विकास समिति तथा बोर्डको गठन गरेको छ ।

समितिको गठन:–

| | |
|---|---|
| श्री अञ्चलाधीश, भेरी अञ्चल– | अध्यक्ष |
| श्री प्रधानपञ्च, बाँके नगर पञ्चायत– | उपाध्यक्ष |
| श्री जि. पं. सभापति, बाँके– | सदस्य |
| श्री प्रमुख जिल्ला अधिकारी, बाँके– | सदस्य |
| श्री अध्यक्ष उद्योग वाणिज्य संघ, बाँके– | सदस्य |
| श्री समितिको अध्यक्षबाट मनोनीत २ (दुई) जना व्यक्ति– | सदस्य |
| श्री इन्जिनीयर, सा. नि. शाखा, बाँके– | सदस्य |
| श्री प्रधान अफिसर, बाँके नगर पञ्चायत– | सदस्य–सचिव |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८६५

बोर्डको गठनः–

| | |
|---|---|
| श्री अञ्चलाधीश, भेरी अञ्चल– | अध्यक्ष |
| श्री जि. पं. सभापति, बाँके– | सदस्य |
| श्री प्र. जि. अ., बाँके– | सदस्य |
| बोर्डको अध्यक्षबाट मनोनीत १ (एक) जना व्यक्ति– | सदस्य |
| श्री प्रधानपञ्च, नेपालगञ्ज नगर पञ्चायत– | सदस्य |

समितिको काम, कर्तव्य र अधिकारः–

१. योजनाको तर्जुमा सम्बन्धमा के कस्तो परिकल्पना गर्न उपयुक्त हुन्छ सोको मोटामोटी रूपरेखा तयार गरी श्री ५ को सरकारबाट स्वीकृत भए अनुरूप कार्यान्वयन गर्ने।
२. योजना कार्यान्वयनको लागि आवश्यक पर्ने आर्थिक श्रोत निर्धारण गरी सुझाव पेश गर्ने।
३. समितिबाट अपनाइने खास सैद्धान्तिक विषयहरू निर्धारण गरी कार्यान्वयन गर्ने।

आज्ञाले–
नारायणप्रसाद अर्जेल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।